Mission Development Bank

*... towards prosperity*

# Mission Development Bank Ltd.

# मिसन डेभलपमेन्ट बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको ईजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय : बुटवल-६, दुर्गामन्दिर लाईन, रुपन्देही



# विशेष साधारण सभा

२०७६ साल जेष्ठ १७ गते शुक्रवार

# प्रतिनिधि (प्रोक्सी) फारम

श्री संचालक समिति,
मिसन डेभलपमेन्ट बैंक लिमिटेड,
केन्द्रीय कार्यालय, बुटवल-६, दुर्गामन्दिर लाईन, रुपन्देही

**<u>बिषय : प्रतिनिधि नियुक्त गरेको बारे ।</u>**

महाशय,

........................... जिल्ला ......................... न. पा./गा.वि.स. वडा नं. ..................
बस्ने म/हामी ....................................................... ले मिसन डेभलपमेन्ट बैंक लिमिटेडको शेयरधनीको हैसियतले मिति २०७६ साल जेष्ठ १७ गते हुने विशेष साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्न यसै बैंकका शेयरधनी श्री ................................................................ शेयरधनी/हितग्राही नं. ................................. लाई मेरो/ हाम्रो प्रतिनिधिको रुपमा मनोनित गरी पठाएको छु/छौं ।

| **<u>प्रोक्सी लिनेले भर्ने :</u>** | | **<u>प्रोक्सी दिनेले भर्ने :</u>** | |
|---|---|---|---|
| दस्तखत | : | दस्तखत | : |
| नाम | : | नाम | : |
| ठेगाना | : | ठेगाना | : |
| शेयरधनी/हितग्राही नं. | : | शेयरधनी/हितग्राही नं. | : |
| शेयर संख्या | : | शेयर संख्या | : |
| मिति | : | मिति | : |

**द्रष्टव्य:** यो निवेदन साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालयमा पेश गरिसक्नुपर्नेछ । एकभन्दा बढि प्रतिनिधिको नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिनेछ । प्रोक्सी नियुक्ति गर्दा जुन समुहको शेयरधनी हो सोही समुहको बैंकको शेयरधनीलाई नै नियुक्त गर्नुपर्नेछ ।

## मिसन डेभलपमेन्ट बैक लिमिटेड

बुटवल ६, दुर्गामन्दीर लाईन, रुपन्देही

## विशेष वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको

## <u>प्रवेश - पत्र</u>

शेयरधनीको नाम: ..........................................................................
शेयरधनी/हितग्राही नं.: ................................................................
शेयरधनीको सही: ...................................... शेयर संख्या: .........................

द्रष्टव्य:शेयरधनी आफैले सम्पूर्ण खाली ठांउहरु भर्नुहोला । सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य हुनेछ ।



...........................
बिष्णु प्रसाद पोखरेल
कम्पनी सचिव

# मिसन डेभलपमेन्ट बैंक लिमिटेड

## केन्द्रीय कार्यालय, बुटवल, रुपन्देही

## विशेष साधारण सभाको सूचना

मिसन डेभलपमेन्ट बैंक लिमिटेडको मिति २०७६ साल बैशाख ३० गते बसेको सञ्चालक समितिको ३१७औं बैठकको निर्णय अनुसार यस विकास बैंकको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०७६/०२/१७ गते (31st May 2019) शुक्रबार

समय : बिहान ८.०० बजे

स्थान : आम्रपाली कटेज एण्ड रेष्टुरेन्ट प्रा.लि.को सभाहल, बुटवल-८, सुख्खानगर, रुपन्देही ।

**छलफलका विषयहरु :**

(१) मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने गाभिने (मर्ज गर्ने) सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड गाभ्ने/गाभिने (मर्ज गर्ने) प्रयोजनको लागि मूल्यांकनकर्ताबाट प्राप्त गाभ्ने वा गाभिने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due diligence Audit-DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारीत गरी मर्जरलाई स्वीकृती प्रदान गर्ने ।

(३) मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) प्रयोजनको लागि ५ वर्षको व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection), चल अचल सम्पत्ति र दायित्व मूल्यांकन प्रतिवेदन (Due Deligence Audit-DDA) गर्न नियुक्त लेखापरीक्षक (DDA मुल्यांकनकर्ता) को नियुक्ती तथा पारिश्रमिकलाई अनुमोदन गर्ने ।

(४) मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने संचालक समितिमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको निर्णय गर्ने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

(५) मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड गाभ्ने र गाभिने (मर्ज गर्ने) सम्बन्धमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा गर्नुपर्ने अन्य सम्पूर्ण कार्यहरु तथा निर्णयहरु गर्न संचालक समितिलाई पूर्ण अख्यिारी प्रदान गर्ने ।

(६) विविध ।

सञ्चालक समितिको आज्ञाले,

**कम्पनी सचिव**

# विशेष साधारण सभा सम्बन्धी अन्य जानकारीहरुः

(१) मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने वा गाभिने (मर्ज गर्ने) प्रयोजनको लागि यस कम्पनीको शेयर कारोवार मिति २०७५/१२/०४ गतेदेखि बन्द रहको छ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७५/१२/०३ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस विकास बैंकको शेयर रजिष्ट्रार भिवोर क्यापिटल लिमिटेड, ट्रेडटावर चौथो तल्ला, थापाथली काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन योग्य हुनेछन ।

(२) विशेष साधारण सभामा छलफल गरिने सञ्चालक समितिको तर्फवाट अध्यक्षको प्रतिवेदन लगायत आवश्यक अन्य विवरण सहितको जानकारी शेयरधनीहरूको ठेगानामा प्रेषित गरिएको छ । कथंकदाचित उक्त पुस्तिका शेयरधनीहरूको ठेगानामा नपुगेमा यसैलाई सूचना मानी सभामा पाल्नु हुन अनुरोध छ ।

(३) विशेष साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले शेयर प्रमाण पत्र/आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

(४) शेयरधनी महानुभावहरूको सुविधाको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान ८.०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला गरिनेछ ।

(५) कुनै शेयरधनी विशेष साधारण सभामा स्वयम् उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडी बैंकको केन्द्रीय कार्यालय, बुटवल रुपन्देहीमा दर्ता गराइ सक्नुपर्नेछ । बैंकको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि(प्रोक्सी) दिन पाइने छैन । बैंकको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिएको भए प्रोक्सी बदर हुनेछ । साथै प्रतिनिधि(प्रोक्सी) दिदा जुन समुहको शेयरधनी हो सोही समुहको शेयरधनीलाई मात्र दिनु पर्नेछ ।

(६) एउटै साधारण सभामा उपस्थित हुनको लागि एकै शेयरवापत एकभन्दा बढि व्यक्तिहरु प्रतिनिधि(प्रोक्सी) नियुक्ती भएमा माथि दफा ५ बमोजिम कुनै एक प्रतिनिधि (प्रोक्सी) कायम गरिएकोमा बाहेक कुनै पनि प्रोक्सीले सभामा उपस्थित हुन तथा मतदान गर्न पाउने छैन ।

(७) प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

(८) साझा गरी एक भन्दा बढि व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारले सर्वसम्मतिबाट मनोनित गरेको प्रतिनिधि वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएकोमा शेयरवालाहरुको दर्ता किताबमा सो साझेदारहरु मध्ये जसको नाम क्रमानुसार अघि लेखिएकोछ सो साझेदार मात्र मतदाता हुनेछ । जतिसुकै जनाले साझा गरी शेयर लिएको भएता पनि एकजनाले मात्र शेयरवाला वा प्रतिनिधिको हैसियतले मतदान गर्न पाउनेछ ।

(९) नावालक तथा मानसिक सन्तुलन ठीक नभएको शेयरवालाको हकमा निजको संरक्षक वा संरक्षकले तोकेको प्रतिनिधिले मतदानमा भाग लिन पाउनेछ । तर संरक्षक स्वयम् शेयरधनी नहुने हुनाले प्रोक्सी नियुक्त हुन भने योग्य हुने छैनन् ।

(१०) छलफलको बिषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यस्ता विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(११) विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय बुटवल, रुपन्देहीमा सम्पर्क राखी अथवा बैंकको website: www.missionbanknepal.com.np बाट समेत जानकारी लिन सकिने व्यहोरा अनुरोध छ ।

# मिसन डेभलपमेन्ट बैंक लिमिटेडको
## विशेष साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षको प्रतिवेदन

**आदरणिय शेयरधनी माहनुभावहरु,**

सर्वप्रथम यस विकास बैंकको विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित अतिथि महानुभावहरुलाई सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक अभिवादन गर्दछु । यस विकास बैंकको मिति २०७५/०९/२६ गते सम्पन्न नवौं वार्षिक साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी संचालक समितिलाई अख्तियारी दिए बमोजिम मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धमा समझदारी पत्र तयार गरी हस्ताक्षर गरिएको, संयुक्त मर्जर समिति गठन गरी बैंकको सम्पूर्ण चल अचल सम्पत्ति र दायित्व मूल्यांकन गर्न मूल्यांकनकर्ता नियुक्ति गरी निजको पारिश्रमिक तोकी सो को अन्तिम स्वीकृतीको लागि यहाँहरु समक्ष प्रस्तुत गरेका छौं । यहाहरुको सहभागितामूलक छलफल एवम समर्थन पछी उक्त विवरणहरु अनुमोदित हुनेछ भन्ने विश्वास लिएका छौ ।

**<u>पूँजी संरचना, कार्यक्षेत्र विस्तार एवं मर्जर सम्बन्धमा :</u>**

२०६७ साल आषाढ १ गतेबाट संस्थापकहरुको चुक्ता पुँजी रु.७ करोडबाट रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा केन्द्रीय कार्यालय राखी रुपन्देही, नवलपरासी र कपिलवस्तु गरी ३ जिल्लामा कार्यक्षेत्र राखी वित्तीय कारोबार शुभारम्भ गरेको यस मिसन डेभलपमेन्ट बैंक लिमिटेडले ९औं वर्ष प्रवेशको दौरानसम्म आइपुग्दा संस्थाले कमाएको मूनाफाबाट चुक्ता पूंजीको ७० प्रतिशत बराबर बोनस शेयर रकम रु. २२,३९,७६,०२२/- (अक्षरेपी बाईस करोड उनन्चालीस लाख छयहत्तर हजार बाईस मात्र) दिन सफल भई हाल बैंकको चुक्ता पूंजी रु. ५७,६४,०१,०२२/- (अक्षरेपी सन्ताउन्न करोड चौसट्ठी लाख एक हजार बाईस मात्र) पुर्‍याउन सफल भएको व्यहोरा शेयरधनी महानुभावहरुमा जानकारी गराउन चाहन्छु । यस अवधिमा शेयरधनी महानुभावहरुलाई बोनस शेयर वापत नेपाल सरकारलाई शेयरधनीहरुले तिर्नु पर्ने कर रकम प्रत्येक आर्थिक वर्षमा नगद लभांशको रुपमा वितरण गरी उक्त कर बैंकले नै भुक्तानी गरिदिएको व्यहोरा शेयरधनी महानुभावहरुलाई बिदितैछ । हाल बैंकको केन्द्रिय कार्यालय र शाखा कार्यालयहरु गरी कुल २१ वटा शाखा कार्यालयहरु विस्तार गरिएको छ भने हालै मात्र कार्यक्षेत्र विस्तारको क्रममा दाङ जिल्ला थप गरी घोराही उपमहानगरपालिका वडा नं.१६ मा शाखा कार्यालय संचालन गर्नको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृती समेत प्राप्त भइ सकेकोछ । बैंकले यस अवधिसम्म आइपुग्दा ३ जिल्लाको विकास बैंकमा स्तरीय बैकिङ्ग कारोबार गर्दै आइ रहेको व्यहोरा समेत सभा समक्ष जानकारी गराउन चाहन्छु ।

त्यसरी नै विकास बैंकले बिगत वर्षदेखि नै मिसन डेभलपमेन्ट बैंकको एउटा विभागको रुपमा मिसन लघुवित्त परियोजनाको शुरुवात गरेको कुरा समेत यहाँहरुलाई जानकारी गराउन चाहान्छौं । जस अन्तर्गत बिना धितो सामूहिक जमानीमा समूहगत रुपमा बिपन्न वर्गलाई ऋण लगानी गरिएकोछ । जसबाट बैंकको विपन्न वर्गको कर्जा लगानी अनुपात पूरा हुने र बैंकको उद्देश्य अनुरुप ग्रामीण क्षेत्रका बिपन्न वर्गलाई समेत सहभागी गराई आर्थिक उपार्जनको क्षेत्रमा अघि बढ्न सहयोगी भूमिका निर्वाह हुनेछ भन्ने हामीले विश्वास लिएका छौ । मिसन लघुवित्त परियोजना अन्तर्गत चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म विकास बैंकका १६ वटा शाखा कार्यालयहरुबाट मिसन लघुवित्त परियोजना संचालन गरिएको र उक्त अवधीसम्ममा ९९४ समुह निर्माण गरी १४,४७९ सदस्यहरुबाट २९९,४१९,६१४.९६ निक्षेप संकलन एवं ८,३०२ जना ऋणीहरुलाई ८२५,३९०,१५७.९४ कर्जा लगानी गरिएको व्यहोरा समेत सभामा जानकारी गराउँन चाहन्छु ।

यस विकास बैंकको आर्थिक वर्ष ०७५/७६ को चैत्र मासान्तसम्मको वित्तीय अवस्था हेर्दा निक्षेप संकलन रु. ४,८८,६९,८९,८२१.५७, कर्जा लगानी रु.४,३४,४४,७७,५३७.४५, निष्कृय कर्जा ०.४३ प्रतिशत, पूंजीकोष १४.२७ प्रतिशत, कर्जा पूंजी निक्षेप अनुपात ७७.५९ प्रतिशत, प्रति शेयर नेटवर्थ रु. १२०.९४, मूल्य आम्दानी अनुपात १०.८३, प्रति शेयर आम्दानी १४.९६, प्रति शेयर कूल सम्पत्तिको मूल्य रु. १,०११.२५ रहेको छ । शेयरधनी महानुभावहरु समक्ष यस विकास बैंकको वित्तीय सूचकाङ्कहरु सकारात्मक रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

त्यसैगरी नेपाल राष्ट्र बैंकबाट मिति २०७५/०९/१३ मा जारी परिपत्र बमोजिम "ख" वर्गको प्रादेशिकस्तरको विकास बैंकलाई तोकिएको चुक्ता पुँजी पुरा नभएसम्म सोही परिपत्रको बुँदा (आ) ७ (ङ) बमोजिम रु.५० करोड चुक्ता पुँजी पुरा गरेका "ख" वर्गका वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकको स्वीकृती लिई कुल पाँच जिल्ला ननाघ्ने गरी एउटै प्रदेश भित्रका जोडिएका ५ जिल्लासम्म कार्यक्षेत्र विस्तार गर्न सक्ने व्यवस्था बमोजिम यस विकास बैंकको कार्यक्षेत्र दाङ जिल्लामा विस्तार गर्ने गरी २०७५/०९/२६ गते सम्पन्न नवौं वार्षिक साधारण सभाबाट पारित भई नेपाल राष्ट्र बैंकबाट समेत सो को स्वीकृती लिई हाल यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, कपिलवस्तु, नवलपरासी त्रिवेणी सुस्ता पूर्व, नवलपरासी त्रिवेणी सुस्ता पश्चिम र दाङ जिल्ला गरी पाँच जिल्ला भएको र सोही अनुसार बैंकको प्रबन्धपत्र तथा नियमावली एवं कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत अभिलेख गरिसकिएको व्यहोरा समेत जानकारी गराउँन चाहन्छौं ।

**मर्जर पछिको वित्तीय अवस्था र अन्य जानकारी :**

मिति २०७५ साल चैत्र मसान्तसम्मको वित्तीय अवस्थाको विश्लेषण गर्दा मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड मर्जर भए पश्चातको वित्तीय अवस्था निम्नानुसार हुने व्यहोरा म यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

| क.सं. | विवरण | तिनाउ विकास बैंक | मिसन डेभलपमेन्ट बैक | जम्मा |
|---|---|---|---|---|
| १. | चुक्ता पूंजी | ५६,७७,६७,१०३।७६ | ५७,६४,०१,०२२।०० | १,१४,४१,६८,१२५।७६ |
| २. | साधारण जगेडा कोष तथा संचित नाफा | ७,८८,०६,४११।६१ | ५,६०,४३,४१८।१५ | १३,४८,४९,८२९।७६ |
| ३. | निक्षेप संकलन | ५,३१,८२,११,४१०।१७ | ४,८८,६९,८९,८२१।५७ | १०,२०,५२,०१,२३१।७४ |
| ४. | कर्जा प्रवाह | ४,५७,८३,६७,४६२।७० | ४,३४,४४,७७,५३७।४५ | ८,९२,२८,४५,०००।१५ |
| ५. | संचालन नाफा | ९,६०,०८,९९०।८२ | १०,१६,२५,००४।९८ | १९,७६,३३,९९५।८० |
| ६. | खुद नाफा | ६,१०,९६,६३०।५२ | ६,४६,७०,४५७।७१ | १२,५७,६७,०८८।२४ |
| ७. | निष्कृय कर्जा | ०.३८% | ०.४३% | |
| ८. | पूंजी कोष | १३.५०% | १४.२७% | |
| ९. | आधारदर | ११.७६% | १३.०३% | |
| १०. | औषत व्याजअन्तर | ५.१४% | ५.८४% | |
| ११. | कर्जा, पूंजी, निक्षेप अनुपात | ७५.९८% | ७७.५९% | |
| १२. | लागत दर | ९% | ९.१९% | |
| १३. | प्रति शेयर आम्दानी | १४.३५% | १४.९६% | |
| १४. | प्रति शेयर नेटवर्थ | रु. १२४।६४ | रु.१२०।९४ | |
| १५. | शाखा संख्या | १७ | २१ | ३८ |

आदरणीय शेयरधनी महानुभावहरु, साविकको मिसन डेभलपमेन्ट बैंक लिमिटेड र तिनाउ विकास बैंक लिमिटेड एक आपसमा मर्ज भए पश्चात निम्नानुसार हुने व्यहोरा म यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

- ❖ संस्थाको नाम **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड** रहनेछ ।
- ❖ संचालक समितिको अध्यक्षमा मिसन डेभलपमेन्ट बैंकको अध्यक्ष **टीकाराम घिमिरे** रहनु हुनेछ ।
- ❖ संचालक समितिमा दुवै विकास बैंकको ३/३ जना संचालक सदस्यमा प्रतिनिधित्व हुनेछ ।
- ❖ प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवमा तिनाउ विकास बैंकको **प्रदिप कुमार श्रेष्ठ** रहनु हुनेछ ।
- ❖ नायव प्रमुख कार्यकारी अधिकृतमा मिसन डेभलपमेन्ट बैंकको **हरिप्रसाद घिमिरे** रहनु हुनेछ ।
- ❖ तिनाउ विकास बैंक लिमिटेडको संस्थापक वा संस्थापक समूहको शेयर स्वामित्व ५१ प्रतिशत र मिसन डेभलपमेन्ट बैंक लिमिटेडको संस्थापक वा संस्थापक समूहको शेयर स्वामित्व ७० प्रतिशत रहेकोले मिसन डेभलपमेन्ट बैंक लिमिटेडको संस्थापक समूहको शेयर स्वामित्व ५१ प्रतिशत कायम गरी बाँकी शेयर सर्वसाधारण शेयरमा परिणत गर्दा तिनाउ विकास बैंक लिमिटेडका संस्थापक शेयरधनीहरुले सर्वसाधारण शेयरमा परिणत गर्दा पाउने हकदावि उपर कुनै पनि प्रकारको दावि नगर्ने र नेपाल राष्ट्र बैंकको निर्देशन वा प्रचलित कानून अनुसार हुने गरी संस्थापक शेयरको शेयर स्वामित्व परिवर्तन गरिनेछ ।
- ❖ केन्द्रीय कार्यालय तिनाउ विकास बैंकको भवन रहेको स्थान बुटवल ४, ट्राफिकचोक पाल्पा रोडमा रहनेछ ।
- ❖ शेयर आदान प्रदान अनुपात (SWAP Ratio) १:१ वा सम्पत्ति दायित्व मूल्याङ्कनमा लेखा परीक्षकले मूल्याङ्कन गरेकोमा नेपाल राष्ट्र बैंकबाट स्वीकृत बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३, (चौथो संशोधन) को विनियम ८ र ९ बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको, शाखा कार्यालयहरु यथास्थानमा संचालन गरिने र कर्मचारीहरुको व्यवस्थापन संयुक्त मर्जर समितिले व्यवस्थापन गरे अनुसार हुने गरी मिति २०७५ साल चैत्र ३ गते एक आपसमा गाभ्ने/गाभिने सहमति पत्र (MoU) मा हस्ताक्षर गरिएको र सोहि बमोजिम नेपाल राष्ट्र बैंकबाट मिति २०७६ साल बैसाख १६ गते प्रारम्भिक सैद्धान्तिक पत्र समेत प्राप्त भएको व्यहोरा यस सभा समक्ष जानकारी गराउँदछु । साथै दुवै विकास बैंकको संचालक समिति र संयुक्त मर्जर समितिको बैठकको निर्णय अनुसार नियुक्त भएका लेखा परिक्षक **M.K.Sah & Associates** का **Chartered Accountant Manoj Kumar Sah (FCA)** ले पेश गरेको **Due Diligence Audit Report** अनुसार शेयर अनुपात तिनाउ विकास बैंकको १.०१ र मिसन डेभलपमेन्ट बैंकको ०.९९ आएको हुंदा शेयर स्वाप अनुपात १:१ उपयुक्त रहेको व्यहोरा सभा समक्ष अनुरोध गर्दछु ।

**मर्जर पश्चात शाखा कार्यालय तथा कार्य क्षेत्र :**

साविक तिनाउ विकास बैंक लिमिटेडको १७ वटा शाखा कार्यालयहरु र साविक मिसन डेभलपमेन्ट बैंक लिमिटेडका २१ वटा शाखा कार्यालयहरु गरी जम्मा ३८ वटा शाखा कार्यालयहरु यथावत संचालन हुनेछन् । त्यसैगरी साविक तिनाउ विकास बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिएको पाल्पा शाखा र मिसन डेभलपमेन्ट बैंक लिमिटेडले स्वीकृती लिएको घोराही शाखा संचालन पश्चात जम्मा ४० वटा शाखा संचालन हुनेछन् भने चितवन, पूर्व नवलपरासी, पश्चिम नवलपरासी, रुपन्देही, कपिलबस्तु, पाल्पा र दाङ्ग जिल्ला गरी ७ जिल्ला कार्यक्षेत्र रहनेछ । साथै, आवश्यकता अनुसार विभिन्न शहरी क्षेत्र तथा वित्तीय पहुच नभएका ग्रामिण स्थानहरुमा समेत शाखा विस्तार गर्ने बैंकको भावि योजना रहेको छ ।

**मर्जर पश्चात संचालक समितिको संरचना :**

मर्जर पश्चात शेयर संरचनामा परिवर्तन भई संस्थापकको ६०.५७ प्रतिशत र सर्वसाधारणको ३९.४३ प्रतिशत कायम हुने हुंदा संस्थापक शेयरधनीको तर्फबाट ४ जना, सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना र स्वतन्त्र संचालक १ जना गरी जम्मा ७ (सात) जनाको संचालक समिति रहनेछ ।

**मर्जर गर्नुको औचित्य :**

नेपालको वित्तीय बजारमा बैंक तथा वित्तीय संस्थाहरुको बाक्लो उपस्थिति रहेको कारणबाट तीव्र प्रतिस्पर्धाको स्थिति सृजना भएको वित्तीय बजारमा आफ्नो पहिचान सहित प्रतिस्पर्धामा खरो रुपमा उत्रन पर्ने अवस्था आएको र यही पृष्ठभूमिमा संस्थाको पूंजीगत आधार बलियो बलाउन, उपलब्ध श्रोत र साधनको अधिकतम प्रयोग गरी व्यावसाय विस्तार गर्न, भौगोलिक कार्यक्षेत्रको विस्तार गर्न, शेयरको बुक भ्यालु अभिबृद्धि गर्न, जोखिमलाई विकेन्द्रित गर्न, प्रति व्यक्ति कर्जा लगानी सीमा बृद्धि गर्न, शेयरको बजार मूल्य बृद्धि गर्न, उपलब्ध भौतिक साधन र कर्मचारीको अधिकतम उपयोग गरी मुनाफामा बृद्धि ल्याई एक सक्षम, सवल, स्तरीय बैकिङ्ग व्यावसाय गर्नु पर्ने व्यवस्था आएको । हालै मात्र नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी एकीकृत निर्देशनमा विकास बैंकहरु प्रादेशिक संरचनामा जानु पर्ने, जसको लागि रु. १ अरब २० करोड पूँजी हुनु पर्ने र अन्य प्रदेशमा भएका शाखा कार्यालयहरु वि.सं. २०७७ साल आषाढ मसान्त भित्र बिक्री गर्नु पर्ने वा व्यवस्थापन गर्नु पर्ने प्रावधान उल्लेख रहेको । यस सन्दर्भमा संचालक समितिमा विभिन्न बिकल्पहरुमा बृहत छलफल गरी यसै क्षेत्रको स्थानीय संस्थासंग मर्जर गरी सक्षम संस्थाको रुपमा स्थापित गर्दै अन्य वित्तीय संस्थाहरुसंग समेत मर्जर तथा एक्विजिसन र हकप्रद शेयर जारी गर्दै राष्ट्रियस्तरको विकास बैंकमा स्तरोन्नति गर्ने, शेयरधनीहरुको लगानीलाई सुरक्षित गर्ने र निक्षेपकर्ता, कर्जा ग्राहकहरु तथा अन्य सरोकारवाला पक्षहरुको विश्वास र मायालाई अझ विश्वसनीय बनाउदै जाने लक्ष्य र उद्धेश्यका साथ मर्जर नै उत्तम विकल्प ठानी यस सभा समक्ष मर्जरको प्रस्ताव पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**धन्यवाद ज्ञापन :**

बैंकको प्रगति र समृद्धिको लागि प्रत्यक्ष/अप्रत्यक्ष रूपले सहयोग पु-याउनुहुने आदरणीय शेयरधनी महानुभावहरू,नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरू तथा ग्राहकवर्ग एवम् समस्त सरोकारवालाहरू प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछौं । आदरणीय शेयरधनी महानुभावहरूले बैंक प्रति देखाउनु भएको सदभावना र ग्राहक वर्गले देखाउनु भएको विश्वासको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा यहाँहरूको सदाशयता र सहयोगलाई बैंकले सदैव मार्ग निर्देशनको रूपमा लिनेछ भन्ने कुरामा प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं । साथै बैंकको व्यवसायिक गतिविधिहरूलाई आम सर्वसाधारण समक्ष पुऱ्याई सहयोग गर्नु हुने सञ्चार क्षेत्र र शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्नुका साथै बैंकको सफलताको लागि अथक परिश्रम गर्ने व्यवस्थापन र कर्मचारीहरूलाई धन्यवाद ।

**संचालक समितिको तर्फबाट**
**टीकाराम घिमिरे**
**अध्यक्ष**

**मितिः २०७५/०२/१७**